# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८१।०१।०३**

वैदेशिक रोजगारको कार्यलाइ सुरक्षित मर्यादित व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना परामर्श, न्यायमा पहुँच लयागतका क्रियाकलापहरु सञ्चालनको लागि जिल्ला प्रशासन कार्यालय वेसीशहरमा आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्ति करार सेवामा लिनु पर्ने भएकोले इच्छुक अनुभवी नेपाली नागरिकहरु सवैको जानकारीको लागि यो सूचना प्रकाशित गिरएको छ ।

**तपशिल**

| क्र. सं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०३-२०८०/८१ | आप्रवासी स्रोत उपकेन्द्र (परामर्शकर्ता) | १ जना | न्यूनतम +२ वा सो सरह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्नेछ । सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालीम लिएकोलाई प्राथमिकता दिइनेछ । कम्प्युटर सम्बन्धी ज्ञान अनिवार्य हुनुपर्नेछ । |

**परिक्षा दस्तुर :** सम्बन्धित तहका लागि लोकसेवा आयोगबाट निर्धारित परिक्षा दस्तुर ।

**छनौटको किसिम :** लिखित र अन्तरवार्ता तथा कम्प्युटर सीप परीक्षण ।

**तलव :** स्थानीय सेवाको पाँचौ वा सो सरह ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा हस्तलिखित निवेदन सहित वेसीशहर नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया:** संक्षिप्त सूची(Short List)छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८१।०१।०९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**लिखित परिक्षा मिति :** संक्षिप्त सूची प्रकाशन हुदाँका बखत तोकिनेछ ।

**द्रष्टव्य :** लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाइ मात्रै अन्तरवार्ता र कम्प्युटर सीप परीक्षण गरिनेछ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत